बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ७९

मितिः २०७९/०६/०८

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडां अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री तुल बहादुर पुन | स्वास्थ्य शाखा प्रमुख |
| ३. | श्री निर्धक रोका | कार्यलय सहयोगी |
| ४. | श्री धनमाया रोका | कार्यलय सहयोगी |

**प्रस्ताव:**

१. उपभोक्ता गठन सम्बन्धमा ।

२. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

३. करार सेवामा कर्मचारी पदपुर्ति सम्बन्धमा ।

४. कानून सल्लाहकार सम्बन्धमा ।

५. भूमिको वर्गीकरण सम्बन्धमा ।

६. घर तथा भवन निर्माण नक्सा सम्बन्धी कार्यविधि कार्यान्वयन सम्बन्धमा ।

७. विविध ।

**निर्णय:**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस थबाङ गाउँपालिकाको आ.व २०७९।०८० का उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु समय मै सम्पन्न गर्न २०७९ असोज मसान्तभित्र उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ परिमार्जन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा तपशिल बमोजिमका कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म वडा सचिवको थप जिम्मेवारी निम्न बमोजिम कार्यालयहरुमा तोक्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं | कर्मचारी नामथर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | तुल बहादुर पुन | आधारभूत स्वास्थ्य तथा सरसफाई प्रमुख | वडा नं १ को कार्यलाय | |
| २ | शिव कुमार वली | अ स इन्जिनियर | वडा नं ३ को कार्यालय | |
| ३ | सुर घर्ती | स्वास्थ्य चौकी उवा | वडा नं ४ को कार्यालय | काजमा |

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस थबाङ गाउँपालिकामा रक्त रहेका तपशिल बमोजिमका प्राविधिक पदहरुमा पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं | रिक्त पद | कार्यालयको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | थबाङ गाउँपालिका | १ | |
| २ | सव इन्जिनियर | थबाङ गाउँपालिका | १ | |
| ३ | फिल्ड सहायक | थबाङ गाउँपालिका | १ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | पोषण स्वयंसेवक | थबाङ गाउँपालिका | १ | |
| ५ | अ न मी | आधारभूत स्वास्थ्य इकाई केन्द्र छर्लोबाङ | १ | |
| ६ | स्टाफ नर्स वा अ न मी | स्वास्थ्य चौकी उवा | १ | |
| ७ | असिस्टेन्ट सव इन्जिनियर | थबाङ गाउँपालिका | २ | |
| ८ | अ हे व | स्वास्थ्य चौकी मिरुल | १ | |
| ९ | कार्यालय सहयोगी | वडा नं ५ कार्यालय | १ | |

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको दैनिक कार्यसञ्चालन, कानूनहरुको निर्माण, संशोधन, परिमार्जन तथा न्यायिक समितिलाई आवश्यक परामर्श उपलब्ध गराउन १ जना कानूनी सल्लाहकार परामर्श सेवा अन्तर्गत खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा भू उपयोग नियमावली २०७९ को नियम ८, अनुसूची १ अनुसार भू उपयोग ऐन २०७६ को दफा ४, १८ र २० बमोजिम स्थानीय भू उपयोग परिषदले जग्गा वर्गीकरण गर्ने व्यवस्था भएकाले २०७९ असोज मसान्त भित्र गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढामगरको अध्यक्षतामा भू उपयोग परिषद गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ र थबाङ गाउँपालिकाको भवन निर्माण अनुमति प्रक्रियाको कार्यविधि, २०७७ को कार्यान्वयनको लागि शाखा तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस थबाङ गाउँपालिका भित्रका कृषकहरुको उत्पादनलाई प्रोत्साहन गर्न २०७९ असोज १० र ११ गते कृषि मेला आयोजना गर्ने र थबाङ गाउँपालिकाको कृषि मेला प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ तर्जुमा गरी हिउदेँ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
यस गाउँपालिका भित्रका उपभोक्ता हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन तथा समन्वय गर्न बजार अनुगमन निर्देशिका २०७५ को दफा ४ बमोजिम उपाध्यक्षको अध्यक्षतामा मिति २०७९ असोज मसान्त अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।